"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल ।

## अत्यन्त जरूरी सूचना

मितिः २०८३/०४/२८

यस निगमबाट मिति २०८३ साल असार ३१ गतेदेखि बजारमा १४.२ किलोग्रामको भरी सिलिन्डर विक्री बितरणमा रहेको व्यहोरा सर्बविदितै छ। साविकको भन्दा करिब २० प्रतिशत बढी ग्यास आयात तथा विक्री बितरण भइरहेको भए तापनि सर्बसाधरण उपभोक्ताहरूले अझै पनि बजारबाट सहजरूपमा ग्यास नपाइरहेको गुनासोप्रति निगमको ध्यानाकर्षण भएको छ। यस सिलसिलामा निगमको द्रुत प्रतिकार्य डेस्कमा प्राप्त उजुरी तथा जानकारी समेतका आधारमा बजार अनुगमन गर्दा कतिपय होटल, रेष्टुरेण्ट, पार्टी प्यालेस लगायतका व्यावसायिक प्रतिष्ठानहरूमा आवश्यकताभन्दा बढी ग्यास सिलिण्डर मौज्दात राखिएको पाइएको हुँदा त्यसरी अनावश्यक मौज्दात नराख्न तथा राखेको भए तत्काल सम्बन्धित डिपोमार्फत सर्बसाधरण उपभोक्तालाई विक्री बितरण गर्न गराउन हुन निगम हार्दिक अपिल गर्दछ। यो सूचना विपरीत कहीँ कतै ग्यास सिलिण्डर मौज्दात राखेको भेटिएमा प्रचलित कानुन बमोजिम कडा कारबाही भई जाने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिएको छ।

धन्यवाद।

प्रवक्ता